३२१

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. २९४/२०७२/०७३

निर्णय नं. ८

काठमाडौं जिल्ला ज्ञानेश्वर-३३ बस्ने राजिव खत्री समेत ............................................१ निवेदक

विरूद्ध

प्रमुख आयुक्त, नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं ...........................१ विपक्षी

सूचना अधिकारी (निर्देशक), नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं ...........१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

काठमाडौं जिल्ला ज्ञानेश्वर-३३ बस्ने राजिव खत्री समेतले नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौंका प्रमुख आयुक्त र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. २०७१/९/२१ मा बसेको नेपाल स्काउट राष्ट्रिय परिषद्को बैठकले निर्णय गरेको निर्णय कपीको प्रतिलिपि ।
२. २०७१/९/२१ देखि हालसम्म नेपाल स्काउट राष्ट्रिय कार्य समितिले निर्णय गरेको माइन्युटको प्रतिलिपि ।

३. नेपाल स्काउट नियमावली, २०६४ को परिच्छेद १४ को १४.१ बमोजिम २०७२ असार ३ गते राष्ट्रिय, क्षेत्रीय र जिल्ला परिषद् एवं कार्यकारी समितिका सदस्यहरुको पदावधी समाप्त भएको हुँदा सोही नियमावलीको परिच्छेद १४ को १४.२ बमोजिम राष्ट्रिय कार्यकारी समिति, क्षेत्रीय कार्यकारी समिति र जिल्ला कार्यकारी समितिको प्रक्रियागत तवरले कार्यावधि थप गरिएको निर्णयको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।